# जीतपुरसिमरा उपमहानगरपालिका

# जीतपुरसिमरा राजपत्र

खण्डः७ संख्याः१ प्रमाणिकरण मितिः२०८२।०३।२६

राजपत्रमा प्रकाशन मितिः २०८२।०३।३०

## भाग १

## जीतपुरसिमरा उपमहानगरपालिका

## जीतपुरसिमरा उपमहानगरपालिकाको आर्थिक ऐन, २०८२

**प्रस्तावनाः** जीतपुरसिमराउपमहानगरपालिकाको आर्थिक वर्ष २०८२।८३को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम जीतपुरसिमरा उपमहानगरपालिकाको वाह्रौ नगरसभाले यो ऐन बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “आर्थिक ऐन, २०८२” रहेको छ।

(२) यो ऐन प्रमाणिकरण भएको मिति देखि तुरुन्त जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः**(१) जीतपुरसिमरा उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा सम्पत्ति कर लगाइने छ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि घरले चर्चेको जग्गा भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म सम्झनु पर्दछ ।

(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर **अनुसूची-१** मा उल्लेख भएबमोजिम हुनेछ ।

(३) उपदफा (१) को प्रयोजनकोलागि घर र घर जग्गाको मुल्यांकन देहायको आधारमा गरिनेछः

क) घर र घरजग्गाको आकार, प्रकार, बनौट र उपयोगको अवस्था

ख) घर र घरजग्गाको व्यापारिक चलनचल्तीको मुल्य र घरको ह्रास मुल्य

ग) घर र घर जग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था

३. <u>**भूमि कर (मालपोत):**</u>जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण जग्गाहरुमा **अनुसूची-२** बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ। दफा-२ बमोजिम सम्पत्ति कर लागाएको जग्गामा भूमीकर (मालपोत) लगाईने छैन। तर विगतको बाँकी बक्यौता मालपोत रकम असूली गर्न वाधा पर्ने छैन।

४. <u>**जग्गा तथा घर बहाल कर:**</u>(१) जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना,जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा बार्षिक वा मासिक रुपमा वहाल कर लगाउने छ।

(२) उपदफा (१) बमोजिम लगाईने घरजग्गा वहाल करको दर **अनुसूची-३** मा उल्लेख भएबमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम लगाईने बहाल रकम निर्धारण गर्नको लागि जीतपुरसिमरा उपमहानगरपालिकाले घरजग्गा रहेको स्थान तथा संरचनाको प्रकारको आधारमा न्यूनतम बहाल मूल्य तोकी सोही आधारमा बहाल रकम निर्धारण गरी बहाल कर लाग्नेछ ।

**५.** <u>**व्यवसाय कर:**</u> (१) जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

(२) उप दफा (१) बमोजिम ब्यापार, व्यवसाय तथा सेवा संचालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रदान गरिनेछ । इजाजत प्राप्त ब्यवसायीहरुले वार्षिक रुपमा ब्यवसाय कर चुक्ता गरी ब्यवसाय नविकरण गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने व्यवसाय इजाजत दस्तुरको दर ब्यापार, ब्यवसाय तथा सेवा संचालन गर्न लाग्ने लगानीको आधारमा **अनुसूची-४** मा तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (२) बमोजिमको इजाजत विना नगरपालिका क्षेत्रभित्र कुनै पनि ब्यापार, ब्यवसाय तथा सेवा संचालन गर्न पाईने छैन ।

(५) उपदफा (४) बमोजिम लिइने व्यवसाय करको दर **अनुसूची-५** मा तोकिए बमोजिम हुनेछ ।

(६) यस दफा बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

(७) कुनै पनि व्यवसाय स्थानिय सरकार सञ्चालन ऐन, २०७४ जारी हुनु भन्दा पहिले देखीनै पालिकामा कारोबार गर्दै आएको रहेछ भने २०७४ सालदेखीकै र ऐ.ऐ. ऐन जारी भए पश्चात सञ्चालन भएको रहेछ भने सञ्चालन भएको मिति देखि व्यवसाय कर लाग्नेछ।

६. <u>**जडिबुटी, कवाडी र जीवजन्तु कर:**</u>(१) जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन,खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, काँचो छाला जस्ता बस्तुको उत्पति वा संकलन गरी व्यवसायिक कारोवार गरे वापत **अनसूची-६**बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाइने र असूल उपर गरिनेछ ।

*स्पष्टीकरणः* यस दफाको प्रयोजनको लागि व्यवसायिक कारोवार भन्नाले विक्रेताले जारी गरेको विल वा विजक वा लेनदेन भएको जनाइने प्रमाणलाई सम्झनु पर्दछ र कवाडी भन्नाले तयारी मालसामान बाहेक उत्पादनका क्रममा निस्केका वा पुन प्रयोग गर्न सकिने(एक पटक प्रयोग भईसकेका) र पुन प्रशोधन हुन सक्ने (तयारी बस्तुका टुक्रा/अवशेष) ए ग्रेड बाहेकका मालबस्तुहरु सम्झनु पर्दछ।अनुसुची ६ मा ब्लेड/पत्ति/च्यानल/वायर/Sheet/Coil/एंगल उल्लेख भएकोमा सो शब्दले देहाय बमोजिम जनाउनेछ।

ब्लेड भन्नाले इनकटिङ ब्लेड बुझ्नुपर्दछ।

पत्ति भन्नाले सट लेन्थ पत्ति बुझ्नुपर्दछ।

वायर भन्नाले सटलेन्थ वायर बुझ्नुपर्दछ।

Sheet भन्नाले सटलेन्थ Sheet बुझ्नुपर्दछ।

Coil भन्नाले Scrap Coil बुझ्नुपर्दछ।

एंगल भन्नाले सटलेन्थ एंगल बुझ्नुपर्दछ।

(२) उपदफा (१) बमोजिमका वस्तुको ब्यवसायिक कारोवार गर्ने ब्यक्ती वा संस्थालाई जीतपुरसिमरा उपमहानगरपालिकाले ब्यवसाय इजाजत दिदा कर बुझाउने शर्त र विधि समेत तोकी इजाजत दिनेछ ।

(३) उपदफा (१) बमोजिमको मालबस्तुमा उपमहानगरपालिका आफैले वा आय ठेक्का बन्दोबस्त गरी उपमहानगरपालिका क्षेत्र भित्र उत्पति वा संकलन हुने उल्लेखित मालबस्तुहरुको मुख्य रुपमा देहायका स्थानबाट कर संकलन गर्नेछ र उक्त स्थानहरुमा निर्वाद रुपमा कर संकलनको लागि सहजिकरण गर्नु सम्बद्द सबैको जिम्मेवारी हुनेछ।

| | | |
|---|---|---|
| (क) | जगदम्बा स्टिल उद्योग गेट नजिक | वडा नं. २ |
| (ख) | अग्रेनि अल्मुनियम उद्योग गेट नजिक | वडा नं. १ |
| (ग) | डिभिजन वन कार्यालय, पथलैया नजिक | वडा नं. १ |
| (घ) | अशोक स्टिल उद्योग गेट नजिक | वडा नं. ३ |
| (ङ) | शिवशक्ति घ्यू उद्योग नजिक | वडा नं. ८ |
| (च) | हिमाल आईरन गेट नजिक | वडा नं. २३ |
| (छ) | हुलास स्टिल उद्योग नजिक | वडा नं. १ |
| (ज) | नारायणि इस्पात उद्योग नजिक | वडा नं. ८ |
| (झ) | नन्दन गणपति/आर.एम.सि. उद्योग नजिक | वडा नं. ३ |

७. **सवारी साधन कर:**(१) जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्रभित्रका टाँगा, रिक्सा, र विद्युतीय रिक्सा तथा अटो रिक्सामा सवारी साधन कर लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिम जीतपुरसिमरा उपमहानगरपालिकाले लगाउने भनी तोकिएका सवारी साधनहरुको रुट इजाजत दस्तुरको दर **अनुसूची-७** बमोजिम हुनेछ ।

(३)मधेश प्रदेशले लगाएको सवारी साधन बापतको कर रकमबाट जीतपुरसिमरा उपमहानगरपालिकाले प्राप्त गर्ने हिस्सा प्रचलित संघीय र प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ ।

८. **विज्ञापन कर** १) उपमहानगरपालिका क्षेत्रभित्र हुने विज्ञापन,प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा **अनुसूची-८** बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम जीतपुरसिमरा उपमहानगरपालिकाले उठाएको विज्ञापन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ ।

(४) बिज्ञापन कर ब्यबस्थित तथा नियमन गर्न निम्न बमोजिमको नीति अपनाइने छ ।

(क) कुनै पनि प्रकारको बिज्ञापन गर्दा जीतपुरसिमरा उपमहानगरपालिका बाट पूर्व स्वीकृति लिएर मात्र गर्नुपर्नेछ।

(ख) नेपाल सरकारको नीति बमोजिम सािर्वजनिक स्थलमा विज्ञापन गर्न बन्देज गरेका मादक पदार्थ, सुर्तीजन्य पदार्थ जस्ता वस्तुहरुको विज्ञापन गर्न पाईने छैन।

(ग) नेपाल सरकारका तर्फ बाट हुने जनचेतनामूलक सूचना तथा प्रचार प्रसार समाग्रीहरुमा विज्ञापन कर लिईने छैन।

(घ) व्यापार, व्यवसाय वा कार्यालय रहेको स्थानको परिचय पाटीको हकमा बढीमा ६ फिट लम्वाइ र ३ फिट चौर्डाई भएको परिचयपाटीको कर लिईने छैन तोकिएको साइज भन्दा वढीको परिचय पाटी राख्न पाइने छैन।

(ङ) स्वीकृति नै नलिई राखिएका विज्ञापन सामाग्री हटाउन सकिने छ। यदी स्वीकृती दिन उपयुक्त ठानिएमा लाग्ने करको शत प्रतिशत बराबर जरिवाना लिई नगर कार्यपालिकाले स्वीकृतीदिनसकिनेछ।

(च)विज्ञापन गर्ने संस्था वा व्यक्तिले स्वीकृत समयावधी समाप्त भएपछि विज्ञापन गर्ने संस्था वा व्यक्तिले बिज्ञापन समाग्री स्वयम तुरुन्त हटाउनुपर्नेछ। अन्यथा उपमहानगरपालिकाले जफत गर्नेछ।

९. **मनोरञ्जन कर:**(१) जीतपुरसिमरा उपमहानगरपालिकाक्षेत्रभित्र संचालित सिनेमाहल,सांस्कृतिक प्रदर्शनहल, थियटर सङ्गीत, मनोञ्जन प्रदर्शनस्थल,जादू, सर्कस, चटक जस्ता मनोरञ्जन व्यवसाय सेवामा प्रदेश कानूनले तोके बमोजिम मनोरञ्जन कर लगाई असलु उपर गरिनेछ ।

तर प्रदेश कानून बनिनसकेको अवस्थामा यस दफा बमोजिम जीतपुरसिमरा उपमहानगरपालिकाले **अनुसूची-९** बमोजिमको दरमा मनोरञ्जन कर लगाइने र उठाइनेछ ।

(२) उप दफा (१) बमोजिम जीतपुरसिमरा उपमहानगरपालिकाले उठाएको मनोरञ्जन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्क:**(१) जीतपुरसिमरा उपमहानगरपालिकाले आफुले निर्माण, रेखदेख संरक्षणवा संचालन गरेका देहाय बमोजिमका सम्पत्तिहरुमा **अनुसूची-१०** बमोजिमको दरमा वहाल विटौरी शुल्क लगाउन र उठाउन सक्नेछः

(क) आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति,

(ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थाई टहरा, छाप्रा वा पसल वा आवास,

(ग) उपमहानगरपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल,

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि नगरकार्यपालिकाले न्यूनतम दर निर्धारण गरी बोलपत्र वा दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट बहालमा दिन सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको सम्पत्तिमा बहाल विटौरी शुल्क उठाउनका लागि उपमहानगरपालिकाले त्यस्तो स्थानमा खरीद बिक्री हुने वस्तु तथा सेवा एवं कारोवारको आधारमा तोकेको न्यूनतम बहाल विटौरी शुल्कको दरमा वोलपत्र वा दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट बहाल विटौरीमा दिन सकिनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम बहाल विटौरीमा दिंदा शर्त सहित सम्झौता गरी दिनु पर्नेछ ।

(५) सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थाई टहरा, छाप्रा वा पसल वा आवास वा व्यवसाय मा प्रति धुर/प्रति वार्षिक रु. ३००/- र कृषि व्यवसायको हकमा रु. १५०/- बहाल बिटौरी शुल्क लाग्नेछ।

११. **पार्किङ्ग शुल्क** (१) उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्ग स्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएवापत पार्किङ्ग गर्ने समयको आधारमा **अनुसूची-११** मा उल्लेख भए बमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम तोकेको स्थान वाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ । तर राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन ।

(३) जीतपुरसिमरा उपमहानगरपालिकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसंगको समन्वयमा गर्नेछ ।

१२. **सहायक सडक मर्मत तथा सडक उपयोग शुल्क** (१) यस उपमहानगरपालिकाको क्षेत्रभित्र गुड्ने सवारि साधनहरुको ट्राफिक व्यवस्थापन, सडकहरुको मर्मत सम्भार तथा सवारीजन्य जोखिम व्यवस्थापनका लागी नगर भित्र रहेका देहाएका सडकहरुमा **अनुसूची-१२** मा उल्लेख भए बमोजिमको दरमा सडक उपयोग शुल्क लाग्नेछ।

| | |
|---|---|
| (क) | अमलेखगंज-चकरी सडक- वडा नं. २१, २२ |
| (ख) | सिमरा-डुमरवाना सडक- वडा नं- १, ४, १४, १५ |
| (ग) | जीतपुर-फत्तेपूर र जीतपुर- टेढा सडक- वडा नं. ७, ५, १२ |
| (घ) | आर.एम.सि. सडक — वडा नं. ३ |
| (ङ) | नन्दन गणपति र शिवशक्ति घ्यू- लोसण्डा सडक- वडा नं.७, ८ |
| (च) | केराढोका —जीतपुर सडक — वडा नं. ७ |
| (छ) | नितनपुर-ईनर्हवा र नितनपुर-एग्रोकेम सडक — वडा नं. ९, १० |
| (ज) | त्रिवेणि सिमपेक्स- नेशनल हेल्थ र छातापिपरा-जगदम्बा सडक वडा नं. ९ |
| (झ) | भलुही- रामपुरटोकनी सडक — वडा नं. २३ |
| (ञ) | पसाहा —वडह्वा सडक- वडा नं. १६ |

१३. **सेवा शुल्क, दस्तुरः** (१) उपमहानगरपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछः

(क) खानेपानी, विजुली, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,

(ख) फोहोरमैला व्यबस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,

(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, हाटबजार, पशु बधशाला, शबदाहगृह, धोवीघाट र त्यस्तै अन्य सुविधा,

(घ) सडक, बस पार्क, ढल, पुल जस्ता सेवा,

(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

(च) जीतपुरसिमरा उपमहानगरपालिकाले प्रदान गर्ने सिफारिश सम्बन्धी कुनै सेवा,

(छ) ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क ।

तर ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइने छैन ।

(२) उपमहानगरपालिकाले सहकारी संस्था, एफ.एम. रेडियो, "घ"बर्गकोनिर्माणव्यबसायीइजाजत, विद्यालय स्थापना, ट्युसन तथा कोचिङ्ग सेन्टर, औषधी पसल,स्थानीय व्यापारिक फर्मको दर्ता, अनुमति, नविकरण तथा नियमन आदि सेवामा सेवा शुल्क दस्तुर तोकी लगाइने र उठाइनेछ ।

(३) स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ (२ च) बमोजिमको सिफारिस तथा प्रमाणिकरण, घर नक्सापास, इजाजत, सरसफाई शुल्क लगायत प्रवाह हुने सेवा शुल्क, दस्तुरको दर **अनुसूची-१३** मा उल्लेख भएबमोजिम हुनेछ।

१४. **विक्री/दहत्तर वहत्तर शुल्कः** (१) उपमहानगरपालिकालेआफ्नो क्षेत्र भित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणिय परीक्षणबाट तोकिएको परिणामबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा,गिटी, बालुवा एवम् माटोजन्य बस्तुको **अनुसूची-१४** मा तोकिए बमोजिमको दरमा बिक्रि गर्न सक्नेछ ।

२) उपमहानगरपालिकाले आफ्नो क्षेत्र भित्र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदि बिक्रि गर्न सक्नेछ ।

३) उपमहानगरपालिकाको स्विकृति नलिई उपदफा (१) र (२) बमोजिमको मालवस्तु उत्खनन् वा विक्री गर्न पाइने छैन ।

४) उपदफा (३) बमोजिम मालवस्तु उत्खनन् वा विक्री गरेमा अनुसूची-१५ बमोजिम जरिवाना हुनेछ :-

तर दोहोरिएमा उपदफा (४) को जरिवानामा थप दोब्बर जरिवाना लाग्नेछ।

५) उपदफा ४ अनुसार असुलि भएको जरिवाना रकमको २० प्रतिशत प्रोत्साहन रकम उल्लेखित सवारि साधन नियन्त्रणमा लिइ कार्वाहिको लागि उपमहानगरपालिकाको कार्यालयमा पठाउने राष्ट्रसेवक सुरक्षाकर्मिलाई भुक्तानि दिइनेछ।

**१५. <u>घरजग्गा रजिष्ट्रेशन शुल्कः</u>** (१) घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानूनले तोके बमोजिम लगाइनेछ ।

(२) उपदफा (१) बमोजिमउठेको रकम संघीय र प्रदेश कानून बमोजिम बाँडफाँट गरिनेछ ।

**१६. <u>प्रशासनिक दण्ड, जरिवाना र जफतः</u>** (१) जीतपुरसिमरा उपमहानगरपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा वा नगरपालिकाले जारी गरेको सूचनालाई अटेर गर्नेलाई अनुसूची-१५ बमोजिम दण्ड जरिवाना लिईनेछ।

(२) जीतपुरसिमरा उपमहानगरपालिकाले उपदफा (१) बाहेक प्रचलित कानून पालना नगरेको कसूरमा लगाउने अन्य दण्ड जरिवाना रकम सम्बन्धित कानुन वा कार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ ।

**१७. <u>वातावरण संरक्षण शुल्कः</u>** उपमहानगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेको उद्योग तथा कलकारखानाबाट वा अन्य कुनै क्रियाकलापबाट उत्सर्जन तथा सिर्जित हुने ध्वनी, वायु, जल तथा माटो प्रदुषण आदिको उचित रोकथाम र नियन्त्रणका लागि सम्बन्धित उत्सर्जनकर्ताबाट अनुसूची १६ बमोजिम वातावरण संरक्षण शुल्क लिईनेछ।

**१८.<u>कर छुटः</u>** (१) यस ऐनमा छुट भनि उल्लेख गरेकोमा वाहेक अन्य कुनै पनि करमा कसैलाई पनि छुट दिईने छैन। आय ठेक्का रकम एकमुष्ठ बुझाउने ठेकेदार वा फर्म वा करदातालाई कवोल रकमको दश प्रतिशत छुट दिइनेछ ।

(२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ति, वस्तु तथा कारोवारमा यस ऐन बमोजिमको कर लिईने छैन ।

**स्पष्टीकरणः** लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आंगिक कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, वाचनालाय, वालगृह, अनाथाश्रम, बृद्धाआश्रम जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ ।

(३) विपद् वा अन्य यस्तै प्रकृतिका विशेष परिस्थितिको कारणले करदाताहरुले कर भुक्तानी गर्न नसक्ने अवस्था आएमा सोको स्पष्ट कारण खुलाई नगर सभाको निर्णय बमोजिम कर वा जरिवाना छुट दिन सकिनेछ ।

(४) कानूनमा ब्यवस्था भएको अवस्थामा वाहेक नगरपालिकाको कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, महसुल, दण्ड, जरिवाना छुट दिन पाउने छैन ।

(५) कुनै एक आर्थिक वर्षका लागि परिमाणमा आधारित आन्तरिक आय ठेक्का वा दैनिक रुपमा संकलन हुने करको आन्तरिक आय ठेक्का बन्दोबस्त भएका ठेक्काहरुमा कुनै विपदजन्य वा अन्य जुनकुनै परिस्थितिको कारणले कर संकलन हुन नकसेकमा दैनिक रुपमा संकलन हुने करहरुको आन्तरिक आय ठेक्काको हकमा नगरसभाको निर्णयानुसार कर संकलन हुन नकसेको दिनको कबोल रकम अनुसार दामासहिले हुन आउने रकम सम्बन्धित ठेकेदारलाई छुट दिन सक्नेछ र परिमाणमा आधारित आन्तरिक आय ठेक्काको हकमा कवोल रकम र परिमाणका आधारमा अपुग परिमाण बराबरको दामासाहिले हुन आउने रकम छुट दिन सक्नेछ।

तर स्थानीय आर्थिक कृयाकलापमा उल्लेखनीय योगदान पुर्याउने किसिमका उद्योग व्यबसायमा निश्चित अवधीसम्म सभाले बनाएको कानून बमोजिम कर, दस्तुर, शुल्क छुट दिन बाधा पर्ने छैन ।

**१९. <u>प्रशासकिय पुनरावेदन</u>**१) उपमहानगरपालिकाले गरेको कर, शुल्क, महसुल, दण्ड, जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतसमक्ष पुनरावलोकनको लागि निबेदन दिन सक्नेछ ।

(२) उपदफा(१) बमोजिम परेको निबेदन उपर पुनरावलोकनको लागि प्रमुख प्रशासकीय अधिकृतले राजश्व परामर्श समितिमा पेश गर्नेछ ।

(३) उपदफा (१) बमोजिम पुनरावलोकनको लागि प्राप्त भएको निवेदन उपर राजश्व परामर्श समितिले पैतिस दिनभित्र छानविन तथा निर्णय गर्नेछ। राजस्व परामर्श समितिलाइ निर्णय गर्न कठिनाई भएमा कार्यपालिकामा निर्णयार्थ पेश गर्न सक्नेछ।

२०. **ठेक्का आह्वान गर्न सक्ने**१) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर नगर कार्यपालिकाले आवश्यक्ता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोवस्त गरी संकलन गर्नसक्नेछ ।

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा ३ वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

(२) यस दफा बमोजिमको आय ठेक्का दिदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका फर्म, संस्था र कम्पनीले मात्र प्रतिस्पर्धा गर्नपाउने छन् ।

(३) सामान्यतया आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

(४) नगरपालिकाले कर संकलन गर्न सामान्यतया ठेक्का बन्दोबस्त गरिने छैन । तर पोखरी, पसल घर, जडिबुटी, कवाडी तथा जीबजन्तु कर, सहायक सडक मर्मत तथा सडक उपयोग शुल्क,हाट बजार शुल्क, पाडा भैसि बजार शुल्क, दहत्तर वहत्तर शुल्क तथा विज्ञापन कर जस्ता कर संकलन गर्न ठेक्का बन्दोबस्त नै गर्नुपर्ने भएमा नगरकार्यपालिकावाट निर्णय गराई ठेक्कामा संकलन गर्न सकिनेछ ।

(५) यस दफा बमोजिम गरिने आय ठेक्का बन्दोबस्तका लागि बोलपत्र, दरभाउपत्र तथा डाँक बढाबढ सम्बन्धी कार्यविधि र पट्टा कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्नेजस्ता विषयहरुप्रचलित कानुन बमोजिम हुनेछ।कानुनमा नभएको प्रावधानको सम्वन्धमा नगर कार्यपालिकाको निर्णयानुसार हुनेछ ।

२१. **सहयोग गर्नुपर्नेः** संघीय तथा प्रदेश सरकारका कार्यालयहरुले उपमहानगरपालिकाको राजश्व असुली कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

२२. **कर संकलनको लागि सेवा रोक्न सक्ने**१) उपमहानगरपालिकाले निर्धारण गरेको कर तोकिएको समयमा दाखिला नगरेमा नेपाली नागरिकताको प्रमाण पत्र लिने सिफारिश बाहेकका अन्य सवै सेवा प्रवाह रोक्का गरी कर संकलन गर्न सकिनेछ,

२)उपमहानगरपालिकामा विभिन्न प्रकारका कर तथा शुल्क भुक्तानी गर्नुपर्ने दायित्व भएको व्यक्तिले अन्य कर भुक्तानी नगरी सम्पत्ति कर तिर्न नपाउने गर्न सकिनेछ,

३)सेवा प्रवाहको मुख्य थलो वडा कार्यालय भएको कारणले नगरस्तरीय कर चुक्ताको प्रमाण कागज संलग्न नभए सम्म वडा कार्यालयले सेवा प्रवाह गर्ने छैनन् ।कर असुली र कर प्रशासनमा सघाउनु वडा अध्ययक्ष तथा वडा कार्यालयको कर्तब्य हुनेछ ।

२३. **नगरस्तरीय कर चुक्ता प्रमाण पत्र जारी गर्नेः** (१)उपमहानगरपालिकामा दर्ता भै ब्यवसाय गर्ने करदाताहरुलाई नेपाल सरकारको कर कार्यालयबाट कर चुक्ता प्रमाण पत्र लिनु पूर्व उपमहानगरपालिकाबाट कर चुक्ताको प्रमाण पत्र लिनु पर्ने ब्यवस्था गरिनेछ । यस प्रयोजनको लागि सम्बन्धित कर कार्यालयलाई नगरपालिकाबाट कर चुक्ता प्रमाण पत्र प्राप्त भए पछि मात्र त्यहाँबाट त्यस्तो प्रमाण पत्र जारी गर्ने गरी ब्यवस्थापन गर्न अनुरोध गरिनेछ।

२) उपमहानगरपालिका क्षेत्रमा दर्ता भै ब्यवसाय गर्ने संस्थालाई कर चुक्ताको प्रमाण पत्र पेश नगरेमा त्यस्तो संस्था सँग नगरपालिककाले कुनै आर्थिक कारोवार गर्ने छैन ।

२४. **किस्तामा कर तिर्न सकिने**१) उपमहानगरपालिकाबाट निर्धारण भएको कर, करदाताको अनुरोधमा नगरकार्यपालिकाले उपयुक्त ठहराएमा २ वा ३ किस्तामा तिर्नु पर्ने गरी कायम गर्न सकिने छ।

२५. **करदाताको पहिचान तथा दर्ता :**

१)व्यवसाय संचालन गर्नुपूर्व दर्ता गरेर मात्र व्यवसाय संचालन गर्नु पर्नेछ ।

२)कर एकाईले यस ऐन बमोजिम कर तिर्नु पर्ने व्यक्ति वा करदाताको पहिचान गर्नुपर्नेछ .

३) उपदफा (२) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पत्ति, निजले गरेको कारोवार र कर एकाईलाई कुनै स्रोतबाट प्राप्त सुचना र सो एकाईले छानविन गर्दा देखिएका आधारमा करदाताको पहिचान गरिनेछ |

४) कर एकाइले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएका करदाताको विवरण खुलाई करदाता दर्ता गरी राख्नु पर्नेछ |

५) नेपाल सरकारबाट स्थायी लेखा नम्बर लिएका करदाताले कर सम्बन्धी कारोबार गर्दा सोही नम्बरको प्रयोग गर्नु पर्नेछ |

२६. **करदाताको दायित्वः** यस ऐन बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछः

क. आफूलाई करदाताको रुपमा दर्ता गराउने,

ख. निर्धारित समयमा विवरण पेश गर्ने,

ग. निर्धारित समयमा कर रकम दाखिला गर्ने,

घ. यस ऐन बमोजिम कुनै शुल्क, जरिवाना वा व्याज बुझाउनुपर्ने भए समयमा बुझाउने,

ङ. हिसाव किताब र अभिलेख दुरुस्त राख्ने

च. कर अधिकृतले मागेको सूचना तथ्यांक समयमा उपलब्ध गराउने,

छ. कर एकाईलाई आवश्यक सहयोग गर्ने |

२७. **करदाताको अधिकारः** (१) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछः

क. सम्मानपूर्वक व्यवहारको अधिकार,

ख. प्रचलित कानून बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार,

ग. कर सम्बन्धी विषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार,

घ. प्रतिरक्षाको लागि कानून व्यवसायी वा लेखा परीक्षक नियुक्त गर्ने अधिकार,

ङ. कर सम्बन्धी गोप्य कुराहरु यस ऐनमा उल्लेख भए बाहेक अनतिक्रम्य हुने अधिकार।

(२) करदाताले उपदफा (१) बमोजिमको अधिकारको दावी गर्न आफ्नो दायित्व पुरा गरेको हुनुपर्नेछ।

२८. **विवरण दाखिला गर्न आदेश दिन सक्नेः** (१) यस ऐन बमोजिम कर बुझाउनुपर्ने दायित्व भएको व्यक्तिले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ । त्यस्तो आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले एक महिना भित्र कर एकाईमा विवरण दाखिला गर्नु पर्नेछ |

२९. **विवरण सच्याउन सकिनेः**यस परिच्छेद बमोजिमको कर विवरण दाखिला भै सकेपछि कुनै तथ्य सम्बन्धी वा गणितीय भूल भएको भन्ने लागेमा करदाताले पहिला विवरण दाखिला भएको मितिले तीन (३) महिना भित्र यथार्थ, तथ्य र सही अंक सहितको अर्को विवरण पेश गर्न सक्ने छ |

३०. **कर दाखिला गर्नुपर्ने**१)यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर सम्बन्धितले करदाताले दाखिला गर्नुपर्नेछ |

(२) यस ऐन बमोजिम अग्रिम कर कट्टी गरि दाखिला गर्नुपर्ने कर कट्टी भएको महिना पछिको महिनाको २५ गते भित्र कर एकाईमा दाखिला गर्नु पर्नेछ |

३१. **कर दाखिलाको निस्सा दिनु पर्नेः** करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैरकर राजस्व वा अन्य रकम बुझाए पछि करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ |

३२. **कर फिर्ता सम्बन्धी व्यवस्थाः** (१) करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिर्नु पर्ने भन्दा बढी कर दाखिला गरेकोमा सो कर रकम फिर्ता माग गर्न सक्नेछ ।

(२) उप दफा (१) फिर्ताको लागि निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा प्रमुख प्रशासकीय अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम फिर्ता दिने निर्णय गर्नु पर्नेछ ।

३३. **कर समायोजन सम्बन्धी व्यवस्थाः** (१) करदाताले दफा ३२ बमोजिम फिर्ता पाउने ठहरिएको रकम दाखिला गर्नु पर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उप दफा (१) बमोजिम निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम समायोजन गर्न आदेश दिनु पर्नेछ ।

३४. **उजुरी नलाग्नेः** यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा कुनै उजुर लाग्ने छैन ।

३५. **पुनरावेदन दिन सक्नेः** (१) प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने विषयमा कारण परेको मितिले चित्त नबुझ्ने पक्षले ६० (साठी) दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(२) जिल्ला अदालतले गरेको निर्णय अन्तिम हुने छ ।

३६. **अदालतलाई भए सरहको अधिकार हुनेः** यस ऐनको प्रयोजनको लागि नगर कार्यपालिकाको अधिकार प्राप्त अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरु पेश गर्न लगाउने सम्बन्धमा प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ ।

३७. **आदेश वा निर्देशन दिन सक्नेः** संघीय र प्रदेश सरकारले कर प्रशासनलाई प्रभावकारी बनाउन नेपालको संविधान र संघीय तथा प्रदेश सरकारको कर सम्बन्धी कानून र यो ऐनको प्रावधानलाई कार्यन्वयन गर्न गराउन आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ । यस्तो आदेश वा निर्देशन पालना गर्नु नगर कार्यपालिकाको कर्तव्य हुनेछ ।

३८. **पुरस्कृत गर्न सक्नेः** (१) नगरपालिकाले यथार्थपरक र विश्वसनीय रुपमा तथा कानूनले तोकेको म्याद भित्र कर विवरण बुझाउने, लागेको कर दाखिला गर्ने र कर अधिकृतले अनुरोध गरेका सूचना उपलब्ध गराउने तीन जना करदातालाई प्रत्येक वर्ष पुरस्कार दिने व्यवस्था गर्न सक्ने छ ।

(२) प्रचलित कानून बमोजिम इमान्दारिता र निष्ठापूर्वक कर संकलनमा महत्वपूर्ण योगदान दिने राष्ट्रसेवक एक कर्मचारीलाइ पुरस्कार र सम्मानको व्यवस्था गरिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम दिइने पुरस्कार सम्बन्धी अन्य व्यवस्था नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

३९. **कर परीक्षण र कर निर्धारणः** (१) यसऐन वमोजिम करदाताले विवरण पेश नगरेको वा पेश गरेको विवरणमा देहायका सबै वा कुनै काम कुरा भए गरेको देखिएमा कर अधिकृतबाट कर परीक्षण गरी कर निर्धारण गरिनेछः

(क) खातापाता, हरहिसाव वा अभिलेख दुरुस्त नदेखिएमा ।

(ख) गलत वा झुट्टा कागजात/ विवरण संकलन गरेको देखिएमा ।

(ग)यथार्थ कारोवार नदेखिएको विश्वास गर्नु पर्ने कारण भएमा ।

(घ)कारोवारका आधारमा करको दायित्व कम देखिएमा ।

(ङ) करको दर फरक पारेकोमा ।

(च) कानून वमोजिम कर- छुट वा मिनाहा हुन नसक्नेमा पनि सोको दावी गरेकोमा ।

(२) उपदफा(१) वमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेशगर्न तीस दिनको सूचना दिनु पर्नेछ ।

(३) उपदफा(२) वमोजिमसूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्याद भित्र आफ्नो स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

(४) कर अधिकृतले उपदफा (३) वमोजिम तोकिएको म्यादभित्र करदाताले स्पष्टीकरण पेश गरेमा सो समेतलाई आधार बनाई र स्पष्टीकरण पेश नगरेमा कानुन वमोजिम कर निर्धारण गर्नु पर्नेछ ।

(५) स्वयं कर निर्धारण गरी विवरण पेश गरेको मितिले चार वर्ष भित्र कर अधिकृतले पुनः कर निर्धारण वा संशोधित कर निर्धारण गर्नुपर्ने सन्तोषजनक आधार र कारण भएमा करदातालाई सफाईको मौका दिई त्यस्तो कर निर्धारण गर्न सक्ने छ ।

४०. <u>**कर निर्धारणको सूचनाः**</u> (१) यसऐन वमोजिम कर अधिकृतबाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकम, स्थान, समय सीमा र बैंक खाता नम्बर समेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ।

(२) यसऐन वमोजिमको कर दाखिला गर्दा निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लेखित स्थान र समय सीमा भित्र कर दाखिला गर्नु पर्ने छ ।

(३) उपदफा(१) वमोजिम कर रकम बैंक दाखिला गरिएकोमा करदाताले त्यसको सम्बन्धित भौचर कर कार्यालयमा बुझाउनु पर्नेछ ।

(४) प्रस्तुत ऐन कार्यान्वयन गर्नको लागि नगरपालिकाले जुन सुकै अधिकृत स्तरको कर्मचारीलाई कर अधिकृतको रुपमा तोक्नेछ। निजले प्रमुख प्रशासकीय अधिकृतको मातहतमा रही कार्य गर्नेछ ।

४१. <u>**कर संकलन सम्बन्धी व्यवस्थाः**</u> (१) यसऐन बमोजिम असुल उपर गर्नु पर्ने कर, ब्याज र शुल्क वापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा प्रमुख प्रशासकीयअधिकृतको पूर्व स्वीकृति लिई देहायको एक वा एक भन्दा बढी तरिका वमोजिम कर असुल गर्न सक्नेछ ।

(क) करदातालाई फिर्ता गर्नु पर्ने रकम भए त्यसमा कट्टा गरेर ।

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा सरकारी स्वामित्वका संस्थाबाट करदाताको रकमबाट कट्टा गर्नलगाएर।

(ग) कुनै तेस्रो व्यक्तिले करदातालाई तिर्नु पर्ने रकम करदाताको पूर्व सहमति लिई कट्टा गरेर ।

(घ) बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर ।

(ङ) करदाताको कारोवार रोक्का गरेर ।

(च) करदाताको चल तथाअचल सम्पत्ति माथि दावी वा कब्जा गरेर ।

(छ)करदाताको सम्पत्ति एकैपटक वा पटक पटक गरी तोकिय बमोजिम लिलाम विक्री गरेर.

(२) उपदफा(१) को खण्ड (६) बमोजिम लिलामको कारवाही शुरु भएपछि सो कारवाही समाप्त हुनु पूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन वाँकी कूल रकमको थप ५ प्रतिशत शुल्क सहित असुल गरिनेछ।

(३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नु पर्ने कर रकम भन्दा बढी भएमा बढी भए जति रकम साठी दिन भित्र सम्बन्धित करदातालाई फिर्ता दिनु पर्नेछ ।

(४) उपदफा(३) वमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ ।

४२. <u>**जरिवाना लाग्नेः**</u> यस ऐन पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले कर बिगोको दश प्रतिशत जरिवाना गर्न सक्नेछ । यस ऐनमा अन्यत्र तोकिएको अवस्थामा तोकिए बमोजिम र नतोकिएको अवस्थामा वक्यौता करमा १०% जरिवाना लाग्नेछ।

४३. <u>**ब्याज लाग्नेः**</u> यस ऐन बमोजिम दाखिला गर्नु पर्ने कर समयमा दाखिला नगरेमा तिर्नु बुझाउनु पर्ने रकमको वार्षिक दश प्रतिशत ब्याज लाग्नेछ ।

४४. <u>**झुट्टा विवरण दिएमा शुल्क लाग्नेः**</u> यस ऐन बमोजिम दाखिला गर्नु पर्ने दायित्व भएका करदाताले झुट्टा विवरण दाखिला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असुल गरी सो को दश प्रतिशत शुल्क लाग्नेछ।

४५. **ब्याज नलाग्ने:** यस ऐन बमोजिम लाग्ने शुल्क ब्याज र जरिवानामा पूनः ब्याज लाग्ने छैन।

४६. **कागजातको ढाँचा:** (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको निर्देशिकामा उल्लेख नभएको वा नतोकिएको कुनै विवरण, ढाँचा, तरिका वा जानकारी सम्बन्धमा आवश्यक व्यवस्था गर्न उपर्युक्त देखिएमा उपमहानगरपालिकाले आदेश वा सूचना जारी गरी आवश्यक व्यवस्था गर्न सक्ने छ |

(२)उपदफा(१)बमोजिम आदेश वा सूचना सर्वसाधारणको जानकारीको लागि उपमहानगरपालिका कार्यालयको सूचना पाटी, वेबसाइट र स्थानीय पत्र पत्रिकाको मध्यमबाट उपलब्ध गराउन सकिने

छ |

४७. **सूचना तामेली रीत पुगेको मानिने**: (१) यस ऐन बमोजिम दिनु पर्ने म्याद, सूचना वा कागजात देहाय बमोजिम बुझाएमा वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछ |

(क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको

(ख) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको

(ग) नवालिगको हकमा संरक्षक  वा माथवर व्यक्तिलाई बुझाएको

(घ) कार्यालय संस्था वा निकायको हकमा प्रवन्धक वा प्रशासकीय प्रमुखलाई बुझाएको

(ङ) करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको

(२) कर एकाईको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्युटरप्रविधिबाट ईनस्क्रिप्ट वा इनकोड गरिएको, चाप लगाईएको वा सो कागजातमा लेखी यस ऐन बमोजिम जारी गरिएको, तामेली गरिएको वा दिईएको कागजातलाई रीतपुर्वकको मानिनेछ |

४८. **प्रचलित कानुन बमोजिम हुने:**यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ । कानुनमा स्पष्ट व्यवस्था नभएका शिर्षकमा दर कायम गर्नुपर्ने, असुल उपर गर्नुपर्ने भएमा नगर कार्यपालिकाको निर्णयानुसार हुनेछ ।

४९. **कार्यविधि बनाउन सक्ने:**(१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नगरपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम वनेको कार्यविधि वा निर्देशिका सम्वन्धित नगरकार्यपालिकावाट स्वीकृत भई नगर राजपत्रमा प्रकाशित भए पछि लागू हुनेछ ।

## अनुसूची -१

(ऐनको दफा २ को उपदफा (२) सँग सम्बन्धित)

# सम्पत्ति करको दर ११३१३

| विवरण | दर रेट | कर | एकुमुलेटेड कर |
|---|---|---|---|
| रु १० लाख सम्म | १०० | १०० | १०० |
| रु १० लाख भन्दा माथि ५० लाख सम्म | ५०० | ५०० | ६०० |
| रु ५० लाख भन्दा माथि १ करोड सम्म | १००० | १,०००.०० | १,६००.०० |
| रु १ करोड भन्दा माथि २ करोड सम्म | ३००० | ३,०००.०० | ४,६००.०० |
| रु २ करोड भन्दा माथि ५ करोड सम्म | ५००० | ५,०००.०० | ९,६००.०० |
| रु ५ करोड भन्दा माथि ७ करोड ५० लाख सम्म | ०.२५ प्रतिशत | बास्तविक सम्पत्तिको तोकिए बमोजिमको प्रतिशतले हुन आउने रकममा एकुमुलेटेड बिधि अनुसार कर लाग्ने | |
| रु ७ करोड ५० लाख भन्दा माथि १० करोड सम्म | ०.३० प्रतिशत | | |
| रु १० करोड भन्दा माथि १२ करोड ५० लाख सम्म | ०.३२ प्रतिशत | | |
| रु १२ करोड ५० लाख भन्दा माथि १५ करोड सम्म | ०.३५ प्रतिशत | | |
| रु १५ करोड भन्दा माथि | ०.४० प्रतिशत | | |

**सम्पत्ति करको मूल्याङ्कन गर्ने तरिका**

घरजग्गा करलाग्ने क्षेत्रको घरको बनोटको बर्गीकरण र मूल्याङ्कन देहाय बमोजिम हुनेछ ।

| क्र.स. | घरको बनोट | प्रतिवर्ग फिट रु. | प्रति वर्ष ह्रासकट्टी दर प्रतिशत | कट्टीगर्ने जम्मा वर्ष प्रतिशत |
|---|---|---|---|---|
| १ | भित्र काँचो बाहिर पाको ईटामा माटोका जोडाई भएका वा काठै काठबाट बनेको र जस्ता, झिंगटी, टायल, एसवेस्टसको छाना भएको घर ।(Load bearing Structure in Mud-Motar with CGI Sheet/ Tiles/Asbestos Sheet/Clay Tiles/Open Shed) | रु.६००।- | ३ | २५ |
| २ | पाको ईटा वा ढुङ्गामा सिमेन्ट जोडाई भई वा आर.सि.सि.फ्रेम स्ट्रक्चरमा जस्ता, टायल, झिँगटी/खर, एसवेस्टसको छाना भएको घर(Load bearing Structure in Cement-Motar with CGI Sheet/ Tiles/Asbestos Sheet/Clay Tiles/Open Shed) | रु.७५०।- | २ | ३० |
| ३ | पाको ईटा वा ढुङ्गामा सिमेन्ट जोडाई भई छाना ढलान (आर.सि.सि. वा आ.बि.सि.) गरिएको घर (Load Bearing Structure with RCC/RBC Slab) | रु.१७५०।- | १ | ७० |
| ४ | आर.सि.सि.फ्रेम स्ट्रक्चर भएको घर (RCC Frame Structure) | रु.२२००।- | ०.७५ | १०० |
| ५ | स्टील फ्रेम स्ट्रक्चर, ट्रस,Fibric Truss, फाईबर, कम्पोजिट वा यस्तै संरचना(Steel Frame Structure/Truss/Fibric or equivalent) | रु.१८००।- | ०.७५ | १०० |
| भवनको ह्रास/टुटफुट कट्टी गर्दा घट्दो मूल्यको आधार ***(Diminishing value Method )*** अनुसार हुनेछ । | | | | |
| सम्पत्ति करमा जरिवाना सम्बन्धि व्यवस्थाः सम्बन्धित आर्थिक वर्षमा नबुझाएमा आर्थिक वर्ष समाप्त भएको पहिलो वर्ष १० प्रतिशत, दोश्रो वर्ष १५ प्रतिशत, तेस्रो वर्ष २० प्रतिशत चौथो वर्ष २५ प्रतिशत हुँदै अधिक्तम ३० प्रतिशत सम्म जरिवाना लाग्नेछ। | | | | |
| वडाबाट सिफारिस गरिने संरचनाको मूल्याङ्कन यसै अनुसुचीका आधारमा भवन अनुमति तथा नियमन शाखाबाट मूल्याङ्कन गराए पश्चात मात्र गर्नुपर्नेछ। | | | | |
| नयाँ भवन वा संरचनाको सम्पत्ति कर निर्माण सम्पन्न भएको अर्को आर्थिक वर्ष देखि लाग्नेछ। | | | | |

**अनुसूचि-२**

(ऐनको दफा ३ सँग सम्बन्धित)

**भूमीकर (मालपोत) ११३१४**

| सडक सँगको सम्बन्ध | जग्गाको क्षेत्रफल (कठ्ठामा) | बर्गिकरण र दर रकम रु. (प्रतिकठ्ठा) | | | |
|---|---|---|---|---|---|
| | | अब्बल | दोयम | सिम | चहार |
| हाइवे संग जोडिएको पिच | ० देखी ५ सम्म | १५० | १२० | ९० | ६० |
| | ५ देखि १० सम्म | १८० | १५० | १२० | ९० |
| | १० देखि २० सम्म | २१० | १८० | १५० | १२० |
| | २० कठ्ठा भन्दामाथि | २४० | २१० | १८० | १५० |
| भित्रको पिच/ढलान | ० देखी ५ सम्म | ७५ | ६० | ४५ | ३० |
| | ५ देखि १० सम्म | ९० | ७५ | ६० | ४५ |
| | १० देखि २० सम्म | १०५ | ९० | ७५ | ६० |
| | २० कठ्ठा भन्दा माथि | १२० | १०५ | ९० | ७५ |
| ग्राभेल/कच्ची/अन्य बाटो | ० देखी ५ सम्म | ६० | ४५ | ३० | २२.५ |
| | ५ देखि १० सम्म | ७५ | ६० | ४५ | ३० |
| | १० देखि २० सम्म | ९० | ७५ | ६० | ४५ |
| | २० कठ्ठा भन्दा माथि | १२० | १०५ | ९० | ७५ |
| बाटोले नछोएको | ० देखी ५ सम्म | ३७.५ | ३० | २२.५ | १५ |
| | ५ देखि १० सम्म | ४५ | ३७.५ | ३० | २२.५ |
| | १० देखि २० सम्म | ५२.५ | ४५ | ३७.५ | ३० |
| | २० कठ्ठा भन्दा माथि | ६० | ५२.५ | ४५ | ३७.५ |

मालपोत करको निर्धारण जग्गाको वर्गिकरण र सडक सँगको सम्बन्धका आधारमा कायम हुने जग्गाको कुल क्षेत्रफल अनुसार हुनेछ। वर्गिकरणमा नपरेको जग्गालाई अब्बल मानिनेछ।

* उद्योग तथा व्यवसायिक प्रतिष्ठानका नाममा जग्गाधनी प्रमाण पुर्जा भएका वा उद्योग संचालनमा रहेका जग्गाहरुमा प्रति कठ्ठा रु. ३७५/- का दरले लाग्नेछ।
* कृषि फर्म वा सहकारीको कृषि प्रयोजन गर्ने जग्गामा व्यक्ति सरहको नै दररेट लाग्नेछ।
* साविकमा गुठि संस्थानमा मालपोत कर बुझाएको जग्गाको मालपोत कर संस्थानकै दररेट अनुसार प्रतिकट्ठा रु. २३३/- का दरले लाग्नेछ।

मालपोत जरिवाना सम्बन्धि व्यवस्थाः सम्बन्धित आर्थिक वर्षमा नबुझाएमा आर्थिक वर्ष समाप्त भएको पहिलो वर्ष २० प्रतिशत, दोश्रो वर्ष ४० प्रतिशत, तेस्रो वर्ष ६० प्रतिशत हुँदै अधिक्तम १०० प्रतिशत सम्म जरिवाना लाग्नेछ।

जग्गाको न्युनतम मूल्याङ्कनः उपमहानगरपालिका क्षेत्रभित्रका जग्गाहरुको न्युनतम मूल्याङ्कन मालपोत कार्यालय सिमराले प्रत्येक आर्थिक वर्ष प्रकाशन गर्ने न्यूनतम मूल्याङ्कन पुस्तिकामा उल्लेख भए अनुसार हुनेछ।

विशेष आर्थिक क्षेत्र (Special Economic Zone) भित्रको जग्गाहरुको मालपोतकर प्रतिकट्ठा रु. ३७.५/-लाग्नेछ।

गत आ.व.हरुमा मालपोत कर लिन छुटेका जग्गाहरुको मालपोत कर चालु आ.व.मा कायम रहेको मालपोत करलाई आधार मानि जरिवाना सहित कर असुल गरिनेछ।

जग्गाधनि एकै भएका तर एउटा कित्ता बाटो सँग जोडिएको र सँगैको अरु कित्ता बाटो सँग नजोडिएको भए पनि सबै कित्ताको बाटो जोडिएको सरह कर लाग्नेछ।

**अनुसूची -३**

(ऐनको दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

## जग्गा तथा घर बहाल कर ११३२१

| |
|---|
| जग्गा तथा घर वहाल कर सम्झौता रकमको दश-१० % लाग्नेछ र न्यूनतम वहाल कर प्रति महिना रु. ३००/- का दरले लाग्नेछ। |
| सवारी साधन व्यवसायिक वा अन्य जुनसुकै प्रयोजनको लागि भाडामा दिँदा सम्झौता रकमको १०% वहाल कर लाग्नेछ। |
| वहाल कर असुलिको लागि घर/जग्गाधनि वा वहालवालाले सटर/कोठा/जग्गा वहालमा लिँदा/दिँदा अनिवार्य रुपमा सम्बन्धित वडा कार्यालयको प्रतिनिधिलाई रोहवरमा राखि सम्झौता तथार गरी वडा कार्यालयमा अभिलेख कायम गर्नुपर्नेछ। |
| बहाल महिनाको गणना गर्दा भाडामा बसेको र छोडेको महिना दुवैलाई १/१ महिना मानि गणना गरिनेछ। |
| वडा कार्यालयबाट वहाल बन्दको सिफारिस प्राप्त नभएसम्म वहाल कायम रहेको मानिनेछ र वहाल बन्द/रद्द गर्दा सिफारिस प्राप्त महिना सम्मको वहाल कर लाग्नेछ। |
| विशेष आर्थिक क्षेत्र प्राधिकरण(Special Economic Zone) भित्रको भवनको कोठाको मासिक वहाल रकम न्युनतम रु. ३० प्रति वर्गफीट लाग्नेछ। |
| सरकारी/सार्वजनिक जग्गा लिजमा लिन/दिन परेमा जग्गा वहाल रकम न्युनतम प्रति कट्ठा वार्षिक रु. ५००/- का दरले लिनु/दिनुपर्नेछ। |
| जग्गा तथा घर वहाल करमा जरिवाना सम्बन्धि व्यवस्थाः सम्बन्धित आर्थिक वर्षमा नबुझाएमा आर्थिक वर्ष समाप्त भएको पहिलो वर्ष १० प्रतिशत दोश्रो वर्ष १५ प्रतिशत तेस्रो वर्ष २० प्रतिशत हुँदै अधिक्तम ३० प्रतिशत सम्म जरिवाना लाग्नेछ। |

अनुसूची -४

(ऐनको दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

## व्यवसाय इजाजत दस्तुरको दर १४२५३

| क्र. सं | व्यवसायको पूंजी | शुल्क रु. (प्रथम पटकको लागी ) |
|---|---|---|
| १ | एक लाख सम्म पूजि भएको व्यवसाय | ५००।- |
| २ | पाँच लाख सम्म पूजि भएको व्यवसाय | ८००।- |
| ३ | दश लाख सम्म पूजि भएको व्यवसाय | १,२००।- |
| ४ | पचास लाख सम्म पूजि भएको व्यवसाय | २,०००।- |
| ५ | एक करोड सम्म पूजि भएको व्यवसाय | ३,०००।- |
| ६ | पाँच करोड सम्म पूजि भएको व्यवसाय | ५,०००।- |
| ७ | दश करोड सम्म पूजि भएको व्यवसाय | १०,०००।- |
| ८ | पच्चिस करोड सम्म पूजि भएको व्यवसाय | १५,०००।- |
| ९ | पचास करोड सम्म पूजि भएको व्यवसाय | २५,०००।- |
| १० | पचास करोड भन्दा बढीएक अर्ब सम्म पूजि भएको व्यवसाय | ३५,०००।- |
| ११ | एक अर्ब भन्दा माथि पूँजी भएको व्यवसाय | ५०,०००।- |
| **अन्यत्र मूख्य कार्यालय भई नगरभित्र शाखा कार्यालय सञ्चालन गर्नेको लागी (पूंजी नखुलेको हकमा)** | | ४,०००/- |
| | **क वर्गको वाणिज्य  बैंक** | ५०,०००।- |
| | **ख वर्गको विकास बैंक** | २५,०००।- |
| | **ग वर्गको वित्तिय संस्था** | १५,०००।- |
| | **घ वर्गको लघुवित्त विकास बैंक** | १०,०००।- |
| | **ईन्सुरेन्स/विमा कम्पनी** | ७,०००।- |
| | **सहकारी  संस्था (कृषि वाहेक)** | ५,०००।- |
| | **कृषि सहकारी** | २५००।- |
| **क्रसर उद्योगको लागिः** | | |
| १ | नयाँ ईजाजत | १,५०,०००/- |
| २ | नविकरण (वार्षिक) | ७५,०००/- |
| **बालुवा प्रशोधन उद्योगका लागिः** | | |
| १ | नयाँ ईजाजत | ५०,०००/- |
| २ | नविकरण (वार्षिक) | २५,०००/- |

**अनुसूची -५**

(ऐनको दफा ५ को उपदफा (५) सँग सम्बन्धित)

## व्यवसाय करको दर-१४६११

| सि.नं. | व्यवसायको प्रकृति | दर रेट |
|---|---|---|
| १ | **मदिरा र सुर्तिजन्य पदार्थको विक्री** | |
| १.१ | थोक विक्रेता(मदिरा, चुरोटको डिलर, सूर्ति प्याकेटिङ्ग गर्नेहरुका लागी ) | ५०००।- |
| १.२ | खुद्रा(मदिरा,चुरोट, सूर्ति प्याकेटिङ्ग गर्नेहरुका लागी ) | ३०००।- |
| २ | **हल्का पेय पदार्थ** | |
| २.१ | थोक | २०००।- |
| २.२ | खुद्रा | १०००।- |
| ३ | **ईलक्ट्रीकल र ईलेक्ट्रोनिक्स सामान बिक्रेता** | |
| ३.१ | दुबैको थोक | १५००।- |
| ३.२ | खुद्रा | १०००।- |
| ३.३ | कम्युटर र टिभि सम्वन्धी पसल | १५००।- |
| ३.४ | कम्युटर र भाषा इन्स्टिच्युट | १२००।- |
| ३.५ | कम्युटर टि. भि. मर्मत केन्द्र | १०००।- |
| ३.६ | घडी रेडीयो तथा भिडियो सि.डि. विक्रेताको लागी | १०००।- |
| ३.७ | मोबाईल र पार्टस विक्रेताको लागी | १०००।- |
| ३.८ | कम्प्युटर बिक्री तथा मर्मत | |
| ३.९ | ढक तराजु पसल | १०००।- |
| ४ | **हार्डवेयर (निर्माण सामाग्री)** | |
| ४.१ | थोक विक्रेता (सिमेन्ट, छड, रंग रोगन जन्य समान) | ५०००।- |
| ४.२ | खुद्रा विक्रेता (सिमेन्ट, छड, रंग रोगन जन्य समान) | २५००।- |
| ४.३ | घर सजावटका समानहरुको विक्रेताको लागी | १०००।- |
| ४.४ | ईटा विक्रेता | १०००।- |
| ४.५ | सिमेन्ट विक्रेता | १५००।- |
| ४.६ | प्लाईउड सिसा,कार्पेट, फ्रेम थोक | २०००।- |
| ४.७ | प्लाईउड सिसा,कार्पेट, फ्रेम खुद्रा | १२००।- |
| ४.८ | ब्लक अद्योग (रिङ, पिलर, गमलाहरु आदि निर्माण गर्ने) | १२००।- |
| ४.९ | आल्मुनियम सम्बन्धि कारोबार | |

| | | |
|---|---|---|
| ५ | **पेट्रोलियम पदार्थ, पेट्रोल पम्प तथा ग्याँस बिक्रेता** | |
| ५.१ | पेट्रोल तथा डिजेल दुबै बिक्रेताको लागि | ५०००।- |
| ५.२ | डिजेल मात्र बिक्री गर्नेहरुको लागि | ५०००।- |
| ५.३ | मट्टीतेल डिलरहरुको लागि | १०००।- |
| ५.४ | **ग्याँस डिलरहरुको लागि** | **१५००।-** |
| ५.५ | विद्युतिय चार्जिङ्ग स्टेशन | ३०००।- |
| ५.६ | अन्य | २०००।- |
| ६ | **कपडा पसल फेन्सी सहित** | |
| ६.१ | थोक विक्रेता | २०००।- |
| ६.२ | अन्य तयारी थान कपडा, फेन्सी | १०००।- |
| ६.३ | सिलाई सम्वन्धी सामाग्री)(टाँक धागो लगायतका समान बिक्री पसल) | ५००।- |
| ६.४ | ग्रामेन्ट सम्बन्धि कारोबार | १५०० |
| ७ | **खाधान्न गल्ला तथा किराना पसल** | |
| ७.१ | खाद्य वस्तुहरुको थोक विक्रेता | २०००।- |
| ७.२ | खुद्रा पसल | १०००।- |
| ७.३ | अण्डा खरिद बिक्री पसल | १०००।- |
| ७.४ | आलु प्याजको थोक विक्रेता | २०००।- |
| ७.५ | बोरा झोला पसल | १०००।- |
| ८ | **मासु बिक्रेता** | |
| ८.१ | धेरै थरिका मासु बिक्रेताको लागि | १५००।- |
| ८.२ | एकथरिका मात्र मासु बिक्रेताको (फ्रेस हाउस) | १२००।- |
| ८.३ | जिउदो खशी बोका कुखुरा परेवा हाँसको बिक्री | १०००।- |
| ९ | **सुन चाँदी तथा गरगहना** | |
| ९.१ | सुनचाँदी तथा गहनाहरुको खरिद बिक्री गर्ने बिक्रेताको लागि | ३०००।- |
| ९.२ | सुनचाँदी तथा गहनाहरुको खरिद बिक्रि गर्ने (सोरुम सजावट भएकालाई) बिक्रेताको लागि | १५००।- |
| ९.३ | ज्याला मात्र लिई सुनचाँदी तथा गहनाहरुको सम्बन्धि काम गर्ने (ज्यासल) | १०००।- |
| ९.४ | रोल्डगोल्ड विक्रेता | १२००।- |
| ९.५ | चाँदीका सामान बनाई बिक्री गर्ने विक्रेता | १०००।- |
| १० | **श्रृँगारका, खेलौना तथा उपहार (गिफ्ट) सामानहरु** | |

| | | |
|---|---|---|
| १०.१ | बजार क्षेत्रका थोक बिक्रेताको लागि | १०००।- |
| १०.२ | ग्रामीण क्षेत्रका श्रृगांर सामानका बिक्रेताको लागि | ५००।- |
| १०.३ | खेलौना तथा गिफ्ट बिक्रेता | ६००।- |
| **११** | **मेशिनरी तथा सवारी साधन र सो सम्बन्धि पार्टस** | |
| ११.१ | मेशिनरी तथा सवारी साधन सम्बन्धी पार्टस बिक्रेता | २५००।- |
| ११.२ | मोटरसाईकलको स्थानीय आधिकारीक बिक्री शो रुम सहित सर्भिसिङ्ग सेन्टरहरु | ५०००।- |
| ११.३ | हेभी सवारी साधनहरु (बस, ट्रक, डोजर, लोडर आदी) बिक्रेताको लागि | १५०००।- |
| ११.४ | हल्का साधनहरु (जिप, कार आदि) बिक्रेताको लागि | १००००।- |
| ११.५ | टेम्पो, ट्रेक्टर तथा ई रिक्सा सवारी साधनहरुको बिक्रेताको लागि | ६५००।- |
| ११.६ | टायर तथा मोबिल डिलर | २५००।- |
| ११.७ | साइकल बिक्री | १५००।- |
| **१२** | **पाठ्यपुस्तक, स्टेशनरी तथा खेलकुद सामाग्री** | |
| **१२.१** | **पाठ्यपुस्तक तथा स्टेशनरी तथा खेलकुद सामाग्री विक्रेताको लागि** | १५००।- |
| **१२.२** | **स्टेशनरी तथा खेलकुद समाग्री विक्रेता** | १५००।- |
| **१२.३** | **फोटोकपी, फोन, इमेल इन्टरनेट राखेको लागि** | १५००।- |
| **१२.४** | **कम्प्युटर मार्फत गेम चलाउने व्यवसाय** | १५००।- |
| **१२.५** | **म्यूजिकल इन्स्टुमेन्ट राखि व्यवसाय** | १५००।- |
| **१३** | **स्वास्थ्य सेवा** | |
| १३.१ | फार्मेसी | ७०००।- |
| १३.२ | औषधी बिक्रेता (समूह क र ख मा पर्ने) | ५०००।- |
| १३.३ | सर्जिकल पसल | २०००।- |
| १३.४ | चस्मा (अप्टीकल सेवा) मर्मत तथा बिक्री गर्ने बिक्रेताहरुको लागि | ७०००।- |
| १३.५ | हस्पिटल | ६००००।- |
| १३.६ | क्लिनिक (प्रति सेवा) | १००००।- |
| १३.७ | आँखा अस्पताल | १००००।- |
| **१४** | **कृषीजन्य औषधी, बिउ बिजन तथा मलखाद** | |
| १४.१ | कृषी तथा भेटनरी औषधि सहित मलखाद वा बिउ बिजन बिक्रेताको लागि | २०००।- |

| | | |
|---|---|---|
| १४.२ | कृषी तथा भेटनरी औषधि तथा मलखाद्य बिक्रेता | १५००।- |
| १४.३ | कृषी तथा भेटनरी औषधि मात्र बिक्रेताको लागि | १५००।- |
| १४.४ | मलखाद र बिउबिजन बिक्रेताको लागि | १५००।- |
| १४.५ | पशु दाना | १०००।- |
| **१५** | **जुत्ता तथा चप्पल सम्बन्धि** | |
| १५.१ | सुवरुम सहित स्वदेशी तथा विदेशी जुत्ता चप्पल बिक्रेताहरुको लागि | २०००।- |
| १५.२ | अन्य जुत्ता चप्पल बिक्रेताहरुको लागि | १५००।- |
| १५.३ | परम्परागत सिपबाट घरेलु उत्पादन गरि बिक्री गर्ने बिक्रेताहरुको लागि | १०००।- |
| **१६** | **भाँडा पसलहरु** | |
| १६.१ | तामा, पित्तल, स्टिल तथा आल्मुनियमका भाँडा बिक्रेताको लागि | २०००।- |
| १६.२ | प्लास्टिक जन्य भाँडा बिक्रेताको लागि | १०००।- |
| १६.३ | माटोका भाँडा बिक्रेताको लागि | ५००।- |
| **१७** | **फर्निचर सम्बन्धि** | |
| १७.१ | तेश्रो मुलुकबाट आयातित सामान बिक्रेताको लागि | ८०००।- |
| १७.२ | काठ, स्टिल, प्लाष्टिक सामान सहित कार्पेट समेत बिक्री गर्ने बिक्रेताको लागि | ५०००।- |
| १७.३ | काठ, तथा स्टिलका मात्र सामान बिक्री गर्ने बिक्रेताको लागि | ३०००।- |
| १७.४ | सामान्य फर्निचर पसलका लागि | २०००।- |
| १७.५ | काठ चिरान मिल | २०००।- |
| **१८** | **तरकारी  तथा फलफुल** | |
| १८.१ | तरकारीका थोक बिक्रेताका लागि | १५००।- |
| १८.२ | तरकारीका खुद्रा बिक्रेताका लागि | ८००।- |
| १८.३ | फलफुलको थोक बिक्रेताको लागि | १५००।- |
| १८.४ | फलफुलको खुद्रा बिक्रेताको लागि | १०००।- |
| १८.५ | फलफुल तथा जुस बिक्रेता | |
| **१९** | **हस्तकलाका सामानहरु बिक्री गर्नेलाई** | |
| १९.१ | स्थानिय कच्था पदार्थबाट उत्पादन गरि विक्री गर्ने | १०००।- |
| १९.२ | सामान आयात गरि बिक्री गर्ने | १०००।- |
| १९.३ | गलैचा उत्पादन तथा बिक्री | १०००।- |

| | | |
|---|---|---|
| **२०** | **बिशेषज्ञ  परामर्श तथा अन्य व्यवसायिक सेवा** | |
| २०.१ | दुई जना वा दुई जना भन्दा बढीको संलग्नामा सामुहिक रुपमा परामर्श वा कन्सल्टेन्ट सेवा दिने | १००००।- |
| २०.२ | एक जनाको संलग्नातामा परामर्श वा कन्सल्टेन्ट सेवा दिने | ५०००।- |
| २०.३ | लेखापढि/ज्योतिष परामर्श सेवा | २०००/- |
| २०.४ | ट्राभल एजेन्सी | २०००।- |
| **२१** | **संस्थागत पेन्टर/रंग व्यवसाय** | |
| २१.१ | संस्थागत पेन्टर | १०००।- |
| **२२** | **निर्माण व्यवसायः उपमहानगरपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा** | २००००।- |
| **२३** | **दुग्ध चिस्यान केन्द्र/दुध डेरी** | |
| २३.१ | ५०० लि. भन्दा बढी भण्डारण गर्ने | २०००।- |
| २३.२ | ५०० लि. भन्दा कम भण्डारण गर्ने | १२००।- |
| २३.३ | दुध डेरी पसल | १०००।- |
| **२४** | **व्यवसायिक कृषी  तथा पशु फर्महरु** | |
| २४.१ | पोल्ट्री बंगुर तथा माछापालन गर्ने व्यवसायी | १०००/- |
| २४.२ | ग्रामीण कुखुरा पालन गर्नेहरुको लागि | ६००।- |
| २४.३ | रासायनिक मल खाद्य दर्ता तथा नविकरण | १०००।- |
| **२५** | **व्यवसायीक नर्सरी** | १०००।- |
| २६ | पशु फर्महरु | १०००/- |
| **२७** | **रिसोर्टहरु तथा ठुला मोटल तथा होटलहरु** | |
| २७.१ | रिसोर्टहरु व्यवसायीहरुको लागि | १००००।- |
| २७.२ | २ तारे सम्मका होटलहरु | १५०००।- |
| २७.३ | ३ तारे भन्दा माथिका तारे होटलहरु | २००००।- |
| २७.४ | पार्टी प्यालेस | १००००।- |
| २७.५ | लजहरु(होटल सहित) | ३०००।- |
| २७.६ | वेकरी हाउस तथा मिठाइ पसल | १०००।- |
| २७.७ | खाना तथा नास्ता होटलहरु | ७००।- |
| २७.८ | तोकिएको स्थान र समयमा संचालन हुने मोबाइल खाजा घर | ३००।- |
| २७.९ | मदीरा सहितका नास्ता होटलहरु | २२००।- |

| | | |
|---|---|---|
| २७.१० | स्विमिङ्ग पुल, लज सहितको रेष्टुरेन्ट तथा होटल | ५०००।- |
| २७.११ | रेष्टुरेन्टहरु | ३०००।- |
| २७.१२ | गाडीमा फास्ट फुड | १०००।- |
| २७.१३ | चिया पसल | ५००।- |
| २७.१४ | चटपटे पसल | ५००।- |
| २७.१५ | क्याफे तथा कटेज हाउस | २०००। |
| २७.१६ | पान तथा अन्य सामाग्री राखी बिक्री पसल | १०००।- |
| २८.१७ | स्केटिङ्ग व्यवसाय | ३०००।- |
| **२८** | **सेवा उद्योग** | |
| २८.१ | कोल्ड स्टोरेज | १५००।- |
| २८.२ | प्रेस (छापाखाना) तथा फ्लेक्स प्रिन्टस तथा अन्य प्रिन्टर्स सम्बन्धि | २०००।- |
| २८.३ | अफसेट प्रेस तथा फ्लेक्स प्रिन्ट्स दुबै भएकाहरुको लागि | २०००।- |
| २८.४ | अफसेट प्रेस भएका हरुका लागि | २०००।- |
| २८.५ | फ्लेक्स प्रेस तथा स्क्रीन प्रिन्टमात्रको व्यवसाय गर्नेहरुको लागि | २०००।- |
| २८.६ | टिकट बुकिङ्ग काउन्टरहरु | १०००।- |
| **२९** | **बैकल्पिक उर्जा (गोवर ग्याँस सौर्य उर्जा कम्पनी आदी)** | |
| २९.१ | सोलार सम्बन्धि सेवा प्रदायक संस्थाहरु | ५०००।- |
| २९.२ | गोबर ग्याँस सेवा प्रदायक कम्पनीहरु | ५०००।- |
| २९.३ | सोलार सम्बन्धी सामान उत्पादन तथा बिक्री गर्ने व्यवसाय | २०००।- |
| २९.४ | गोबर ग्याँस सम्बन्धि सामान उत्पादन तथा बिक्री गर्ने व्यवसाय | २०००।- |
| **३०** | **कुटानी पिसानी मिल** | |
